श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन पत्रको सारसंक्षेप

विषयःउत्प्रेषण ,परमादेश लगायत अन्य जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ स्थित क्वयेर युथ ग्रुपको तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ. बस्ने वर्ष २२ को रुक्शना कपाली समेत — निवेदक

विरुद्ध

केन्द्रिय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं समेत — प्रतिवादी

हामी रिट निवेदक निवेदन वापत लाग्ने दस्तुर यसैसाथ राखि नेपालको संविधान २०७२ को धारा ४६, १३३(२), १३३(३) तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ २ (क) र ४९ २(ख) तथा सम्मानित सर्वेच्च अदालतबाट प्रतिपादित नजिरको आधारमा निम्नअनुसार निवेदन गर्दछौ ।

१) <u>निवेदनको सारसक्षिप्त व्यहोरा</u>

हाल हुन लागेको जनगण्नाले हामीलाई अन्य भनी अपमानजनक तथा त्रुटिपूर्न परिभाषा भित्र राखेको र सो पिरभाषा नेपालको संविधानको धारा १६, १७, १८, ४२ प्रतिकुल भएकोले सर्वोच्च अदालतको सरणमा आएको छौं

२) **मागदावी**

क) गृह मन्त्रालयले मिति २०६९ सालमा जारी गरेको यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा "अन्य" जनाई नागरिकता जारी गर्ने सम्बन्धी निर्देशिका, २०६९ को २(ग) र (घ) रीट निवेदन साथ संलग्न गरेको यस रीट निवेदनको १० (क) मा उल्लेख पुस्तकमा अघि सारिएका शब्दावली एवं परिभाषाहरू बमोजिम परिभाषित गर्न गराउनु र हाल यस त्रुटिपुर्ण परिभाषाको आधारमा भए गरेको कार्य सच्याउन भनि सार्वजनिक जानकारी प्रवाह गरी त्रुटि सच्याउने सरल माध्यमको निर्माण गरी आफ्नै जिल्लामा त्रुटि सच्चयाउन सक्ने व्यवस्था गरी यसबाट पीडित हामी जस्ता व्यक्तिको नेपालको संविधानले सुनिश्चित गरेको मौलिक हकको प्रभावकारी कार्यन्वयन गर्नु गराउनु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

ख) जनगणनांको तीनवटा फारमहरूको थुप्रै प्रश्नहरूमा लैङ्गिक वर्गिकरण सहितको तथ्याङ्क संकलन गर्ने भएता पनि हालको जनगणना गर्न तैयार पारिएको दस्तावजहरूमा 'घर तथा घरपरिवार सूचीकरण

फाराम'मा परिवारमा अक्सर बसोबास गर्ने सदस्यको संख्याको बाहेक अरु सबैमा महिला र पुरुष मात्र उल्लेख भएको र सोमा समेत 'अन्य' भन्ने शब्दको प्रयोग भएकोले यस समबन्धमा भए गरेको निर्णयहरू उत्तप्रेषणद्वारा बदर गरी राष्ट्रिय जनगणना २०७८ मा लैङ्गिक वर्गिकरण सहित तथ्याङ्क संकलन हुने सबै प्रश्नहरूमा महिला र पुरुषका साथै 'गैर-द्वयसांखिक र तेस्रोलिङ्गी' विधा समावेश गर्न गराउनका साथै 'गैर-द्वयसांखिक र तेस्रोलिङ्गी' शब्दावलीलाई 'महिला र पुरुष बाहेकका लैङ्गिक पहिचान भएका व्यक्ति' भनि परिभाषित गर्न गराउन विपक्षीको नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ।

ग) हामी जस्ता व्यक्तिहरूको गोपनियता कायम हुने कुराको सुनिश्चित्ता गरी जनगणनामा गोप्य साथ आफ्नो पहिचान खुलाउन सक्ने अनलाइन फारम लगायतको सर्वशुलभ पद्दतिको विकास गर्न गराउनु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

घ) जनगणनाको क्रममा राष्ट्रिय जनगणना २०७८ सम्पन्न भएको ५ वर्ष भित्र देहायका व्यवस्था सहित यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता (SOGIESC) सहितको तथ्याङ्कका छुट्टै सर्वेक्षण गर्न गराउन विपक्षीको नाउँमा परमादेश लगायत अन्य जे उपयुक्त आदेश जारी गरिपाउँ ।

यसमा नियुक्त हुने रिट निवेदक तर्फका कानून व्यवसायीको बहस बुँदालाई यसै रिट नवेदनको अभिन्न अंग मानि पाऊँ।

निवेदक

निज रुक्शना कपाली ...१

निज इशान रेग्मी .......१

नेपाल संवत् ११४१ दिल्ला १७

ईति सम्वत् २०७८ साल असार महिना २० गते रोज १ शुभम् .................................।